# न्यूनतम् शर्त तथा कार्यसम्पादन मापन सम्बन्धी स्थानीय शासन मूल्यांकनकर्ता र वित्तिय व्यवस्थापन मूल्यांकनकर्ताहरुको लागि अभिमुखीकरण कार्यक्रम

स्थानीय निकाय वित्तिय आयोगको सचिवालयले जिल्ला विकास समिति र नगरपालिकाहरुको आ.व. २०७२/७३ को न्यूनतम् शर्त तथा कार्यसम्पादन मापनको लागि मूल्यांकनकर्ताहरुको छनौट गरी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । विगतमा ७५ वटै जिल्ला विकास समिति र ५८ नगरपालिकाहरुको मात्र न्यूनतम् शर्त तथा कार्यसम्पादन मापन गर्दै आएकोमा यस वर्ष देखि नयाँ घोषित १५९ नगरपालिका मध्य १३३ नगरपालिकाहरुको समेत MCPM शुरु गरिएको छ ।

सवै जिल्ला विकास समिति र १३३ नगरपालिकाहरुको ७१ वटा समूह (cluster) बनाईएको छ । प्रत्येक cluster को लागि स्थानीय शासन मूल्यांकनकर्ता र वित्तिय व्यवस्थापन मूल्यांकन कर्ता गरी दुई जना विज्ञहरुको छनौट गरिएको छ । समुह (cluster) नं. १ देखि ३७ सम्मका मूल्यांकनकर्ताहरुको लागि मिति २०७३ कार्तिक २८ गते देखि ३० गते सम्म अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको हो । उक्त अभिमुखीकरण कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह सचिव श्री रेश्मीराज पाण्डे, स्थानीय निकाय वित्तिय आयोगका सदस्य सचिव श्री पुरुषोत्तम नेपाल, उप सचिव (लेखा) सुवास सिवाकोटी, स्थानीय निकाय वित्तिय आयोगको सचिवालयका उप सचिवहरु, लगायत अन्य कर्मचारीहरुले सहजीकरण गर्नु भएको थियो ।

समुह (cluster) नं. ३८ देखि ७१ सम्मका मूल्यांकनकर्ताहरुको लागि मिति २०७३ मंसिर २८ र २९ गते अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री केदार बहादुर अधिकारीज्यूले गर्नुभएको थियो । स्थानीय निकाय वित्तिय आयोगका सदस्य सचिव श्री पुरुषोत्तम नेपाल, उप सचिव (लेखा) श्री सुवास सिवाकोटी, स्थानीय निकाय वित्तिय आयोगको सचिवालयका उप सचिव विष्णु गौतम, विकेन्द्रीत वित्तिय विज्ञ हेमराज लामिछाने लगायतले सहजीकरण गर्नु भएको थियो ।

अभिमुखीकरण कार्यक्रममा न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनको अवधारणा, औचित्यका विषयमा प्रस्तुतीकरण हुनुका साथै प्रत्येक सुचक माथि छलफल भएको थियो । मूल्यांकनकर्ताहरुले पालना गर्नुपर्ने आचारसंहिता, मूल्यांकन विधिको बारेमा समेत छलफल गरिएको थियो ।